# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१७ बारा, २०८३ असोज १३ गते मंगलबार / तृतीया / नेपाल संवत् ११४६ / Tuesday, September 29 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## हावाहुरीले कलैयाको उखुबालीमा क्षति



कलैया, १२ असोज/लगातारको वर्षासँगै आएको हावाहुरीले बाराको कलैया उपमहानगरपालिका- १७, ब्रह्मपुरीमा करिब पाँच बिघा क्षेत्रफलमा लगाइएको उखुबालीमा क्षति पुऱ्याएको छ ।

हावाहुरीका कारण हुर्कंदै गरेका उखुका बोट जमिनमा ढलेका छन् भने कतिपय बोट भाँचिएर भूइमा लडेका छन् ।

ब्रह्मपुरी टोलका किसानहरूले ठूलो परिमाणमा उखुबालीमा क्षति पुगेको बताएका छन् । पीडित किसान सोनालाल महतोका अनुसार गाउँका एक दर्जनभन्दा बढी किसानको उखुबाली प्रभावित भएको छ । किसानहरूले ब्रह्मपुरीमा मात्रै करिब पाँच बिघा उखुबालीमा क्षति पुगेको दाबी गरेका छन् ।

ब्रह्मपुरीका किसानले परम्परागत खेतीसँगै रिङपिट तथा टिन्चर विधिबाट उखु उत्पादन गर्दै आएका छन् । एउटै खेतबाट करिब पाँच वर्षसम्म उत्पादन लिन सकिने भएकाले किसानले यो प्रविधि अपनाउँदै आएका छन । तर आधुनिक प्रविधिमा लगानी गरी उत्पादन बढाउने प्रयास गरिरहेका किसानको बाली नै हावाहुरीले ढलाएपछि लगानी जोखिममा परेको छ ।

ढलेको उखुलाई पुनः ठाडो पार्न थप श्रम र खर्च आवश्यक पर्ने तथा भाँचिएका बोटको तौल कम हुने र किसानले नोक्सानी बेहोर्नु पर्ने अवस्था आएको विद्यानगरका अर्का किसान इन्द्रदेव कुशवाहाले बताउनुभयो । उहाँले किसानहरूलाई क्षति भएको बालीको विवरण संकलन गरेर सरकारले राहात उललब्ध गराउनुपर्ने बताउनुभयो ।

## घरटहरा भत्काउन गएको वन कार्यालयको टोली जनप्रतिनिधिहरुको आग्रहपछि फर्कियो

सिमरा, १२ असोज/पथलैया( हेटौंडा सडकखण्ड अन्तर्गत बाराको जीतपुरसिमरा उपमहानगरपालिका( २२ स्थित तीन नम्बर नजिक पुनः निर्माण गरिएका घरटहरा भत्काउन सोमबार बिहान पुगेको डिभिजन वन कार्यालयको टोली घरटहरा नभत्काइ फर्किएको छ ।

सुरक्षाकर्मी, वनरक्षक र डोजरसहित पुगेको टोली जनप्रतिनिधि तथा स्थानीयको आग्रहपछि घरटहरा नभत्काइ फर्किएको हो ।

चाडपर्वको समयमा उठिबास लगाउन नहुने तर्क गर्दै स्थानीय र जनप्रतिनिधिहरूले पर्वपछि जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय छलफल गरेर मात्रै आवश्यक निर्णय लिन आग्रह गरेका थिए । पुल नजिकका घरटहरा हटाउने वा राख्ने भन्ने विषयमा चाडपर्वपछि निष्कर्षमा पुग्नुपर्ने उनीहरूको भनाइ थियो ।

आग्रहपछि वन कार्यालयले तत्कालका लागि भत्काउने कार्य स्थगित गरेको छ । वन अधिकृत ललन राउत कुर्मीका अनुसार जनप्रतिनिधिको अनुरोधलाई मान्दै तत्काललाई रोकिए पनि स्थानीयले आफैं नहटाए पुनः पुगेर भत्काइनेछ । 'यो नकारात्मक सूचीमा परेको अतिक्रमित क्षेत्र हो । यहाँ घरटहरा बनाएर बस्न र व्यापार गर्न पाइँदैन ।



आज नभए भोलि हट्छ नै' कुर्मीले भन्नुभयो 'त्यसैले स्थानीय आफैंले समयमै खाली गर्नु उपयुक्त हुन्छ । हामीले त्यही समय दिएर फर्किएका हौं ।'

यसअघि डिभिजन वन कार्यालय र डिभिजन सडक कार्यालयको संयुक्त टोलीले गत जेठ १ गते चार दशक पुरानो सो बस्तीका ७२ वटा घरटहरा डोजर लगाएर भत्काएको थियो । सडक र वनको जग्गा अतिक्रमण गरिएको भन्दै भत्काइए पनि स्थानीयले पुनः सोही स्थानमा घरटहरा निर्माण गर्न थालेका थिए ।

बाराका प्रमुख जिल्ला अधिकारी (सिडिओ) खडानन्द अधिकारीले जनप्रतिनिधिहरू आफैं उभिएर अनुरोध गरेकाले मुठभेडको स्थिति टार्न टोली फिर्ता बोलाइएको बताउनुभयो । 'घरटहरा नहटाउने भन्ने होइन, केही दिनका लागि समय मात्र दिइएको हो' सिडिओ अधिकारीले स्पष्ट पार्नुभयो । 'दिएको अवधिभित्र खाली नभए डोजर चलाएर हटाइनेछ, यसको अरू विकल्प छैन ।' पूर्ववत् रूपमा खाली गराइएको जग्गामा पुनः संरचना बनाउनु गलत भएको भन्दै उहाँले छलफल भन्दा पनि अतिक्रमित क्षेत्र खाली गरेर सहज वातावरण बनाउन आग्रह गर्नुभयो ।

डिभिजन वन कार्यालयका प्रमुख सुजितकुमार झाले पनि केही दिनको समय दिएर टोली फर्किएको पुष्टि गर्दै तोकिएको समयमा नहटाए कडा कदम चालिने चेतावनी दिनुभयो ।

## काँग्रेस बारा १ को पदाधिकारी चयन अझै अनिर्णित

निजगढ, १२ असोज/नेपाली काँग्रेस बारा क्षेत्र नम्बर १ को क्षेत्रीय समिति, प्रदेश समिति र महाधिवेशन प्रतिनिधि चयन अझै अनिर्णित बनेको छ ।

निजगढमा आइतवार भएको अधिवेशनमा महाधिवेशन प्रतिनिधिहरु बन्न चाहनेको संख्या निर्धारित कोटाभन्दा निक्कै बढी भएपछि बन्द सत्रले प्रतिनिधिहरुको चयन गर्ने जिम्मा काँग्रेस केन्द्रीय सदस्य शम्भुबहादुर बुढाथोकी, ममता शर्मा, मधेस प्रदेशका कार्यवहाक सभापती चन्द्रशेखर यादव र क्षेत्र नम्बर १ मा पर्ने ५ वटै पालिकाका सभापतीहरु रहेको निर्वाचन समितिलाई दिएको थियो



निर्वाचन समितिले आइतवार रातिदेखि नै गृहकार्य गर्दैआएको भएपनि पदाधिकारीहरुको नाम आज राति अबेरसम्म पनि अझै टुङ्ग्याउन नसकेको अन्यौलता बढेको बताइएको छ । स्रोतका अनुसार कार्यसमितिका पदाधिकारी र पदाधिकारीहरुको अन्तिम नामावली तयार पार्न समितिका सदस्यहरु आइतवारदेखि नै कलैयामा बसेर छलफल गरिरहेका छन ।

अधिवेशनले क्षेत्रीय र २ वटा प्रदेश समितिका पदाधिकारी सहित ३६ जना महाधिवेशन प्रतिनिधिको चयन गर्ने छ

स्रोतका अनुसार समितिले क्षेत्र नम्बर १ को सभापतीमा निजगढका महेशी कुवर र प्रदेश सभा १ को सभापतीमा निजगढकै सूर्य घलानलाई सभापतीमा चयन गर्ने तयारी गरेको छ ।

निजगढ नगर सभापतीको आकांक्षी रहनुभएका घलानलाई प्रदेश सभा १ को सभापती बनाउने सहमतिपछि निजगढ नगर कार्यसमितिमा पदाधिकारीहरुको सर्वसम्मत चयन शंभव भएको थियो । त्यसैगरी प्रदेश सभा २ को सभापतीमा भने सिम्रौनगढका मोहन कुशवाहाको

बाँकी तेश्रो पेजमा

## चिकित्सकको आन्दोलनका कारण नेशनल मेडिकल कलेज वीरगञ्जमा पठनपाठन बन्द




वीरगञ्ज, १२ असोज/ वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको स्नाकोत्तरतह (पीजी) को अध्ययनअध्यापन दुई सातादेखि रोकिएको छ ।

आवासीय चिकित्सक र मेडिकल कलेज सञ्चालकबीच सहमति हुन नसक्दा १३ दिनदेखि अध्ययन/अध्यापन रोकिएको हो । दैनिक ३६ घण्टासम्म ड्युडी लगाउने, आवासीय चिकित्सकको अनावश्यक हाजिरी काटिदिने, विभिन्न निहुँमा कारबाही गर्ने गरेको भन्दै गत भदौ ३१ गतेदेखि पीजी पहिलो वर्षका ५५ जना आवासीय चिकित्सक आन्दोलनमा छन् ।

आवसीय चिकित्सक आन्दोलनमा उत्रिएपछि कलेलले स्नातकोत्तर तह प्रथम वर्षको अध्ययन अध्यापन बन्द गरेको छ। अर्को सूचना जारी नभएसम्म सम्पूर्ण प्रथम वर्षका स्नातकोत्तर आवासीय चिकित्सकको कक्षा, शैक्षिक गतिविधि, क्लिनिकल पोस्टिङ, विभागीय प्रशिक्षण, वार्ड तथा इमर्जेन्सी ड्युटी र अन्य सबै प्रशिक्षण गतिविधि स्थगित गरिएको जनाएको छ ।

आन्दोलनमा रहेका प्रथम वर्षका आवासीय चिकित्सकका गतिविधिका कारण कलेजको शैक्षिक तथा क्लिनिकल वातावरण प्रभावित भएको भन्दै कलेजले त्रिभुवन विश्वविद्यालयलाई विद्यार्थी फिर्ता गर्नसमेत आग्रह गरेको छ । मेडिकल कलेजले शैक्षिक अनुशासन, संस्थागत विश्वास र स्वास्थ्य सेवा प्रभावित हुन नदिन उनीहरूलाई फिर्ता बोलाउन त्रिवि अन्तर्गतको चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम)लाई पत्र लेखेको हो ।

मेडिकल कलेजले आवासीय चिकित्सकलाई होस्टल छोड्न जान समेत भनेको थियो। चौतर्फी बिरोध भएपछि त्यो निर्णयबाट भने पछि हटेको थियो ।

हाल स्नाकोत्तर तह पहिलो र दोस्रो वर्षका आवासीय चिकित्सकको अध्ययनअध्यापन रोकिएको छ । रेजिडेन्टहरूमाथि गरिएको स्वेच्छाचारी कारबाही फिर्ता गर्नुपर्ने, ड्युटी समय व्यवस्थित गर्नुपर्ने, अनावश्यक हाजिरी काट्न नपाइने, तोकिएको निर्वाह भत्ता समयमै दिनुपर्ने जस्ता आवासीय चिकित्सकले माग राखेका छन् ।

आफ्ना माग सम्बोनका लागि तीनै तहका आवासीय चिकित्सकले भदौ २९ गते कलेजको प्रिन्स्पिलको कार्यालयमा पत्र बुझाएका थिए ।

आन्दोलनरत एक आवासीय

बाँकी तेश्रो पेजमा

## वीरगञ्जको बिपी उद्यान निर्माणको काम सुरु

वीरगञ्ज, १२ असोज/ वीरगञ्जको घण्टाघरस्थित महानगरपालिकाको स्वामित्वमा रहेको बिपी उद्यान निर्माणले गति लिएको छ । तीन महिनादेखि रोकिएको उद्यान निर्माणको काम सुरु भएको हो ।

वीरगञ्ज महानगरपालिकाका तत्कालीन नगरप्रमुख स्वर्गीय माधवलाल श्रेष्ठले यातायात संस्थानसँग २०६० साल पुस १४ गतेमा १० करोड रुपियाँमा १० बिघा जग्गा बिपी उद्यानका नाममा खरिद गर्नुभएको थियो

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति बिपी कोइरालाको स्मृतिमा बिपी उद्यान बनाउने उद्देश्यका साथ खरिद गरिएको उक्त जग्गा लामो समयसम्म अलपत्र अवस्थामा थियो । वीरगञ्ज महानगरपालिकाले उक्त जग्गामा बिपी उद्यान निर्माणका लागि पहल थालेको थियो ।

अठार वर्षपछि सघन सहरी तथा भवन निर्माण आयोजना पर्सा, वीरगञ्जले सो जग्गामा पर्खाल लगाएको हो। भित्रको खाली जग्गामा अनधिकृत रूपमा थोक तथा खुद्रा तरकारी बजार लाग्ने गरेपछि नगरप्रमुख राजेशमान सिंहको

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# तराई-मधेशको वार्षिक नियति र दीर्घकालीन समाधानको खोजी

नेपालको अन्नभण्डार मानिने तराई(मधेश क्षेत्रका लागि वर्षायाम सधैं उत्साहभन्दा बढी त्रास बनेर आउने गरेको छ । हालै भएको वर्षाले पनि यो समस्या दोहोरिएको छ ।

हरेक वर्ष मनसुन सुरु भएसँगै यहाँका दर्जनौं नदी र खहरे खोलाहरूमा आउने बाढी, तीव्र नदी कटान र सिर्जना हुने डुबानको समस्या एउटा यस्तो दुष्चक्र बनेको छ, जसबाट तराईले दशकौंदेखि मुक्ति पाउन सकेको छैन । जनधनको ठूलो क्षति, हजारौं बिघा खेतीयोग्य जमिनको मरुभूमीकरण र लाखौं नागरिकको विस्थापन प्रत्येक वर्ष दोहोरिने नियति बनेको छ ।

यो समस्या प्राकृतिक मात्र होइन, मानवीय लापरबाही र फितलो राज्य नीतिको उपज पनि हो । त्यसैले, अब केवल वर्षायाम लागेपछि मात्र ब्यूँझिने र तत्कालका लागि केही बोरा बालुवा थुपारेर झारा टार्ने प्रवृत्तिलाई त्याग्नै पर्छ ।

तराई(मधेशलाई डुबान र कटानबाट जोगाउन अब एकीकृत र दीर्घकालीन रणनीति अपरिहार्य भइसकेको छ । नदी कटान र डुबानको मूल जरो चुरे क्षेत्रको तीव्र विनाशसँग जोडिएको छ ।

चुरे पहाडको अनियन्त्रित उत्खनन, वन विनाश र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण बर्सातको समयमा ठूलो मात्रामा ढुङ्गा, गिट्टी र माटो बगेर तराईका नदीहरूमा मिसिने गरेको छ । यसले गर्दा नदीको सतह माथि उठ्न गई थोरै वर्षा हुँदा पनि पानी बस्ती र खेतबारीमा पस्ने गर्दछ। तसर्थ, डुबान नियन्त्रणको पहिलो सर्त नै 'चुरे संरक्षण' हो। चुरे क्षेत्रमा हुने अवैध उत्खननलाई पूर्ण रूपमा रोक्दै व्यापक वृक्षारोपण र भू(संरक्षणका कार्यक्रमहरू स्थानीय तहदेखि नै सञ्चालन गरिनुपर्छ । उपल्लो तटीय क्षेत्र ( पहाड र चुरे) मा गरिने वन विनाशको प्रत्यक्ष असर तल्लो तटीय क्षेत्र (तराई) मा पर्ने भएकाले दुवै क्षेत्रलाई एकापसमा जोडेर जलाधार व्यवस्थापन गरिनु आवश्यक छ ।

अर्कोतर्फ, नेपालका नदीहरूको प्राकृतिक बहावलाई बुझेर सोहीअनुरूप वैज्ञानिक तटबन्ध निर्माण गर्न ढिलाइ भइसकेको छ ।

विगतमा हचुवाका भरमा बनाइएका कमजोर र अल्पकालीन तटबन्धहरू बाढीको पहिलो भेलमै भत्किने गरेका छन् । अब नदीको प्रकृति, पानीको अधिकतम बहावको इतिहास र जोखिमयुक्त क्षेत्रहरूको विस्तृत प्राविधिक अध्ययन गरेर मात्र बलियो र टिकाउ तटबन्धहरू बनाउनुपर्छ ।

नदी किनारमा बायो(इन्जिनियरिङ (द्यघ्य(भलनष्लभभचष्लन) प्रविधि अपनाएर बाँस, वेत र घाँसहरू रोप्ने हो भने कटान निकै हदसम्म कम गर्न सकिन्छ । यसका साथै, नेपाल(भारत सीमा क्षेत्रमा भारतद्वारा निर्मित विभिन्न बाँध, सडक र उच्च तटबन्धका कारण नेपाली भूभाग प्राकृतिक रूपमा थुनिने र डुबानमा पर्ने समस्या अर्को गम्भीर चुनौती हो ।

यस विषयमा नेपाल सरकारले भारत सरकारसँग कूटनीतिक र प्राविधिक तहमा गम्भीर संवाद गरी पानीको सहज निकासका लागि ठोस सहमति र संयुक्त योजना कार्यान्वयन गर्नैपर्छ ।

# शिक्षा विकासको मेरुदण्ड



- शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन आवश्यक
- विद्यालयमा विषयगत शिक्षकको अभाव कायमै
- विद्यालय तहदेखि नै नैतिक शिक्षाको खाँचो

सुदर्शन अधिकारी

शिक्षा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र ऐतिहासिक विकासको प्रमुख आधार हो । कुनै पनि देशको समग्र विकासको मुख्य मेरुदण्ड शिक्षा नै भएको हुनाले विकसित देशमा यसको विकासका लागि पर्याप्त बजेट विनियोजन गर्ने गरिन्छ। शिक्षाले मानवलाई जीवनमा आइपर्ने जुनसुकै समस्याको सामना गर्न सक्षम बनाउनुका साथै सही निर्णय लिन, सामाजिक न्यायका पक्षमा दृढतापूर्वक आवाज उठाउन र प्रत्येक नागरिकलाई आफ्ना कर्तव्यप्रति पूर्ण रूपमा जिम्मेवार बन्न सिकाउँछ ।

नेपालको संविधानले व्यवस्था गरेको शिक्षाको हकलाई व्यवहारमा उतार्न र आमनागरिकको सहज पहुँचमा पुऱ्याउन केही गम्भीर र महत्वपूर्ण कार्य गर्नुपर्ने देखिन्छ । शिक्षा क्षेत्रमा बजेट न्यून भएका कारण कतिपय अत्यावश्यक र नगरी नहुने कार्य पनि सम्पादन हुन सकेका छैनन् । शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत रकम विनियोजन गर्नु पर्छ आवाज उठ्यो तर राज्यले सो अनुसार बजेट विनियोजन गर्न सकिरहेको छैन । अझ विडम्बनाको कुरा त हरेक वर्ष शिक्षाको बजेटको प्रतिशत घट्दो क्रममा रहेको देखिन्छ । सरकारी विद्यालयमा विनियोजित बजेटको लगभग ९० प्रतिशत हिस्सा त शिक्षकका नियमित तलब र सुविधाका लागि मात्र खर्च हुन्छ ।

गणित, विज्ञान, सामाजिक जस्ता विषयको गहिरो अध्ययनका लागि विद्यार्थीले अधिकांश समय विद्यालयमै व्यतीत गर्नु पर्छ। देशका सयौं विद्यालयमा विषयगत शिक्षकको अभाव छ । यद्यपि शिक्षासेवा आयोगले शिक्षक दरबन्दी अनुसार रिक्त पदमा पदपूर्ति गर्दै आएको छ तर विकट तथा दुर्गम क्षेत्रका मात्र होइन, सुगम वा राजधानीकै वरपरका विद्यालयमा समेत विषयगत शिक्षकको पूर्ण दरबन्दी पूर्ति भएको छैन । शिक्षक दरबन्दीको वैज्ञानिक मिलान हुन सकेको छैन ।

शिक्षा क्षेत्रमा बढ्दो राजनीतिक प्रभावका कारण पनि ठूला समस्या सिर्जना भएका छन् । अत्यधिक राजनीतिक हस्तक्षेपका कारण जब आमविद्यार्थीको पठनपाठन नै प्रत्यक्ष रूपमा प्रभावित हुन्छ । विद्यालय ज्ञान आर्जन गर्ने सरस्वतीको मन्दिर, पवित्रस्थल र ज्ञान भूमि हो । यसैले राज्यले पनि अनावश्यक रूपमा हस्तक्षेप गर्ने कार्य गर्नुहुँदैन भने स्थानीय तहका नेता तथा कार्यकर्ताले पनि विद्यालय जस्तो संवेदनशील र उच्च महत्वको क्षेत्रमा कुनै पनि किसिमका विवादित र अशोभनीय गतिविधि गर्नुहुँदैन ।

पुस्तकालय, शौचालय, शुद्ध खानेपानीको व्यवस्था, खेलमैदान, प्रविधिको विकास जस्ता अत्यावश्यक पक्षमा बजेट अभावकै कारण उचित व्यवस्थापन गर्न नसकिएका दर्जनौं दृष्टान्त विद्यमान छन् । आजको युग सूचना प्रविधिको युग भएकाले विद्यालयमा यसको समुचित विकास हुनु अनिवार्य आवश्यकता हो। तसर्थ यसका लागि कम्तीमा पनि कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले प्रविधिलाई प्रभावकारी उपयोग गर्न सक्ने वातावरण बनाउनु पर्छ। शिक्षा स्वरोजगार सिर्जना गर्न सक्ने हुनु पर्छ ।

वर्तमान शिक्षा नियमावलीमा पनि प्रधानाध्यापकको योग्यता र तहबारे स्पष्ट रूपमा उल्लेख गरिएको छ, जसको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्वयम् शिक्षकहरूको पनि हो । शिक्षा नियमावलीलाई समयसापेक्ष, सिपमूलक र स्वरोजगारी सिर्जना गर्न सक्ने बनाउन यसमा आवश्यक परिमार्जन गर्नु पर्छ । यसका लागि शिक्षकले विगतमा पटक पटक आन्दोलन गरी तत्कालीन सरकारसँग सहमति गरेका घटना पनि हाम्रासामु ताजै छन् । शिक्षालाई समयसापेक्ष र सिपमूलक बनाउन नसक्दा देशमा शिक्षित बेरोजगारीको समस्या तीव्र गतिमा बढ्दै गएको छ। हाम्रो देश कृषिप्रधान देश भए पनि त्यस अनुरूप पर्याप्त कृषि विश्वविद्यालय स्थापना गर्न सकिएको छैन ।

विद्यालयको शिक्षाले धेरै सैद्धान्तिक ज्ञान मात्र प्रदान गर्ने हुनाले आजको मुख्य आवश्यकता व्यावसायिक र रोजगारीमुखी शिक्षा दिनु हो भन्ने बुझेर सोही अनुसारको पाठ्यक्रम निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ । कक्षा १२ पार गरेपछि स्वरोजगार बन्न सक्ने खालको व्यावसायिक शिक्षाका लागि विद्यालय तहबाटै विशेष तालिम तथा सिप विकासमा जोड दिनु पर्छ। विद्यार्थीले रेडियो, टेलिभिजन, ल्यापटप, घडी जस्ता विद्युतीय उपकरण मर्मत गर्ने सिप सिकेर आफू मात्र स्वरोजगार बन्न सक्दैनन्, उनीहरूले अन्य दुई/चार जनालाई पनि रोजगारी दिन सक्ने छन् । आजको बढ्दो बेरोजगारी समस्याको समाधानमा यस्ता व्यावहारिक कार्यले निकै ठूलो सहयोग पुऱ्याउने छन् भन्नेमा कुनै विमति हुन सक्दैन ।

यसै गरी आजका प्रायः सबै विद्यार्थीमा नैतिक शिक्षाको खाँचो रहेको सर्वत्र महसुस गरिएको छ । आजभन्दा दुई दशकअगाडिदेखि हामीले औपचारिक रूपमा नैतिक शिक्षा विषयको पठनपाठन गर्न छाड्यौं, जसका कारण समाजमा आदर, सम्मान, नम्रता र धैर्य जस्ता मानवका आधारभूत गुण पनि क्रमिक रूपमा घट्दै गएको प्रस्टै देखिन्छ । मानिसबिचको आपसी भेटघाट, सहयोग, मेलमिलाप, समझदारी र आत्मीयता जस्ता सकारात्मक पक्ष निकै कमजोर बनेका छन् । समाज दिनप्रतिदिन स्वार्थी र गैरजिम्मेवार बन्दै जानु हामी सबैका लागि चिन्ताको विषय हो ।

शिक्षालाई समयसापेक्ष र रोजगारी सिर्जना गर्ने खालको बनाउन वर्तमान सरकारले सम्बन्धित क्षेत्रका विज्ञ र जानकारसँग गहिरो परामर्श गरी त्यसलाई व्यावहारिक रूपमा उतार्न अब ढिलाइ गर्नु हुँदैन । आज हामीले शिक्षा क्षेत्रमा जेजति बजेट विनियोजन गरेका छौं, त्यसबाट अधिकतम उपलब्धि प्राप्त गर्न हरसम्भव प्रयास गरिनु पर्छ । आफ्नै स्रोतसाधनले भ्याएसम्म पर्याप्त बजेट र प्राविधिक सहयोग शिक्षा क्षेत्रमा उपलब्ध गराउने कार्यमा विशेष ध्यान दिनु जरुरी छ। आगामी दिनमा शिक्षा क्षेत्रमा विद्यमान रहेका सम्पूर्ण बेथिति अन्त्य गर्नका लागि वर्तमान सरकार, स्थानीय तह, अभिभावक, शिक्षक र विद्यार्थीसमेत आफैंमा उत्तिकै संवेदनशील भएर परिणाममुखी कार्यसम्पादन गर्न एकजुट हुनुपर्ने टड्कारो आवश्यकता छ । **साभारः गोरखापत्र**




किस्ताबन्दिमा आफ्नूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिकता प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ ।

# मानव अधिकार आयोगले एसएसपी खड्कालाई बयानका लागि बोलायो




काठमाण्डौ १२ असोज/राष्ट्रिय मानव अधिकार आयोगले काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोष खड्कालाई हाजिर गराउन प्रहरी प्रधान कार्यालय नक्सालललाई पत्र पठाएको छ ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई मध्यरातमा पक्राउ गरेको विषयमा बुझ्न पुगेको आयोगको अनुगमन टोलीलाई कार्यालयमा प्रवेश नदिइएपछि आयोगले प्रहरीलाई पत्र लेखेको हो ।

आयोगका सहप्रवक्ता श्यामबाबु काफ्लेका अनुसार एसएसपी खड्कालाई भोलि आयोगमा उपस्थित गराउन निर्देशन दिइएको छ ।

सुरक्षा चुनौती रहेको भन्दै प्रहरीले जबरालाई पक्राउ गरेको थियो । त्यही घटनापछि आयोगका अधिकारीहरूले प्रहरी नेतृत्वलाई सम्पर्क गरे पनि ३५ मिनेटसम्म परिसरबाहिरै कुराएर फर्काएको थियो ।

# दुर्गा प्रसाईं फेरि पक्राउ



काठमाडौं, १२ असोज/मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई फेरि पक्राउ गरिएको छ ।

नेपाल प्रहरीको साइबर ब्युरोले सोमबार बिहान प्रसाईंलाई पक्राउ गरेको हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद रचना खतिवडाको उजुरीका आधारमा प्रसाईंलाई पक्राउ गरिएको साइबर ब्युरोले जनाएको छ ।

खतिवडा जेनजी शहीद रसिक खतिवडाकी आमा हुनुहुन्छ। शहीदलाई लिएर प्रसाईंले सामाजिक सञ्जालमा अपमानजनक टिप्पणी गरेको आरोप छ ।

सामाजिक सञ्जालमा 'छोराको लाससँग सांसद पद साटेको' भनेर टिप्पणी गरेको भन्दै सांसद खतिवडाले प्रतिनिधि सभाको बैठकमै रुन भएको थियो ।

प्रसाईंलगायतले अपमानजनक टिप्पणी गरेको भन्दै उहाँले साइबर ब्युरोमा उजुरी दिनुभएको जनाइएको छ । उहाँकै उजुरीका आधारमा अनुसन्धानका लागि प्रसाईंलाई पक्राउ गरिएको साइबर ब्युरोले जनाएको छ।

प्रसाईं पटकपटक पक्राउ पर्दै आएका छन्। यसअघि उनी गत साउन १८ गते सर्वोच्च अदालतको आदेशमा रिहा भएका थिए ।

त्यस्तै, गत भदौ ४ गते उनको घरमा खानतलासी गरिएको थियो। सर्वोच्च अदालतको आदेशमा उनको घरबाट बरामद गरिएका सामान प्रहरीले फिर्ता गरेको थियो ।

# भारतमा कक्रोच जनता पार्टीद्वारा 'जेल भरो' आन्दोलन घोषणा

काठमाण्डौं,१२ असोज/भारतको कक्रोच जनता पार्टी (सीजेपी) ले आउँदो अक्टोबर २ देखि 'जेल भरो' आन्दोलन शुरू गर्ने घोषणा गरेको छ। सीजेपीका संस्थापक अभिजित दीपकेले आज नयाँ आन्दोलनबारे घोषणा गर्नुभएको हो ।

अभिजीत दीपकेले सामाजिक सञ्जाल प्लेटफर्म 'एक्स' मा एक पोस्टर सार्वजनिक गर्दै अक्टोबर २ मा मुम्बईको शिवाजी पार्कमा 'जेल भरौं' आन्दोलन गर्ने जानकारी दिनुभएको छ । यो पोस्टमा सीजेपीका संस्थापक दीपकेले प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको माग दोहोऱ्याउनुभएको छ ।

प्रमुख निर्वाचन आयुक्तले आफ्नो पदबाट राजीनामा नदिएमा अक्टोबर २ देखि आन्दोलन शुरू हुने सीजेपीले यसअघि नै बताएको थियो ।



यद्यपि सीजेपीले मुम्बईमा विरोध प्रदर्शन गर्ने अनुमति पाएको छैन । यसमा प्रतिक्रिया जनाउँदै दीपकले नागरिकको आवाज दबाउने यस्ता प्रयासहरू स्वीकार्य नहुने बताउनुभएको थियो ।

कक्रोच जनता पार्टीले निर्वाचन आयोगको काम(कारबाहीप्रति प्रश्न उठाउँदै आएको छ ।

यो आन्दोलन मतदाता नामावलीसम्बन्धी निर्णय तथा मतदाता नामावलीको विशेष गहन पुनरावलोकन (एसआईआर) अभ्यासलाई लिएर निर्वाचन आयोगमाथि भइरहेको विवादका बीच हुन लागेको हो । यद्दपि आयोगले आफ्नो काम(कारबाहीमा कुनै अवरोध नरहेको बताएको छ ।

# कांग्रेस महाधिवेशन सार्ने तयारी

काठमाडौं, १२ असोज/नेपाली कांग्रेसले १५औं महाधिवेशनको मिति सार्ने तयारी गरिएको छ ।

कांग्रेसको महाधिवेशन असोज १६( १९ गतेसम्म गर्ने तय भएको थियो । निर्धारित मितिमा वडा, पालिका र प्रदेश(प्रतिनिधिसभा निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न नभएपछि महाधिवेशनको मिति सार्न लागिएको हो ।




महामन्त्री प्रदीप पौडेलले महाधिवेशनको मिति दुई(तीन दिन सर्न सक्ने बताउनुभयो। 'प्रदेश(प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन आज र भोलि कति सम्पन्न हुन्छ। कति बाँकी रहन्छ त्यही अनुसार दुई(तीन दिन सार्नुपर्ने हुन सक्छ,' पौडेलले भन्नुभयो ।

महाधिवेशनको मिति सार्नु परे केन्द्रीय कार्यसम्पादन वा कार्यसमिति बैठक बोलाएर निर्णय लिने उहाँको भनाइ छ । 'केन्द्रीय महाधिवेशनको मिति कार्यसम्पादन वा कार्यसमितिको बैठकबाट हुन्छ । मातहतको कार्यतालिका निर्वाचन समितिले अवस्था हेरेर हेरफेर गरिरहेको छ,' पौडेलले भन्नुभयो ।

असोज ३ गतेबाट सुरु भएको वडा अधिवेशन करिब सम्पन्न भए पनि असोज ७ मा पालिका र १० मा प्रदेश( प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन आधा मात्र सम्पन्न भएको छ ।

## कांँग्रेसबारा१को...

नाम चर्चामा छ ।

यसैबीच बारा क्षेत्र नं. २ को क्षेत्रीय सभापतिमा उपेन्द्रप्रसाद यादव निर्विरोध निर्वाचित हुनुभएको छ ।

पार्टी संगठनमा लामो समयदेखि सक्रिय यादव सर्वसम्मतिबाट क्षेत्रीय सभापतिमा चयन हुनुभएको हो । उहाँ महागढीमाई नगरपालिकाको नगर प्रमुख समेत हुनुहुन्छ ।

यसैगरी क्षेत्र २ क को प्रदेश क्षेत्र सभापतिमा शशिकान्त मिश्रा र २ ख को सभापतिमा ललन यादव चयन भएका छन । महाधिवेशन प्रतिनिधिमा राजेश रौनियारसहित प्रदेश अधिवेशन प्रतिनिधिहरुको पनि निर्विरोध चयन गरिएको जनाइएको छ ।

## चिकित्सकको आन्दोलनका...

चिकित्सकले माग पूरा गर्न दुई दिनको अल्टिमेटम समेत दिएको बताए ।

'माग पूरा नगरेपछि भदौ ३१ गतेबाट अस्पतालमा धर्ना सुरु गरेका थियौं। असोज ३ गते वार्तामा बोलाएर धम्क्याउने, थर्काउने गरियो। हाम्रो माग पूरा गर्न कुनै चासो दिइएन्,' उहाँले भन्नुभयो, 'बेथितिबिरुद्ध आवाज उठाउँदा कलेजले विद्यार्थी फिर्ता पठाउछ र राज्यका सबै निकाय मौन बस्छन् । सरकार त फेरियो तर सत्ता फेरिएन ।'

राज्यका निकायभन्दा मेडिकल कलेज सञ्चालकहरू प्रभावशाली देखिएको उहाँको गुनासो छ। 'मेडिकल कलेजको ज्याजती, शोषणा बढ्दै जाँदा पनि सरकारी निकायहरू मौन छन् । सबैतिर पुगेर भनिसक्यौं । माग पूरा गर्न चासो दिइएको छैन,' उहाँले भन्नुभयो, 'सरकारभन्दा ठूलो मेडिकल कलेज सञ्चालहरू भए ।'

दुई सातादेखि अध्ययन अध्यापन रोकिएका कारण अप्ठ्यारो भएको आवासीय चिकित्सकले बताएका छन्। यसले आफूलाई निकै समस्या भएको उनीहरूले गुनासो गरेका छन् ।

## वीरगञ्जकोबिपी...

निर्देशनमा २०८२ साल माघ महिनामा जग्गा पूर्ण रूपमा खाली गराई फागुन महिनादेखि खाली जग्गामा माटो पुर्नेदेखि विभिन्न जात र प्रजातिका बिरुवा रोप्ने काम अगाडि बढेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नगरप्रमुख राजेशमान सिंहमाथि भ्रष्टाचारको मुद्दा लागेपछि उद्यान निर्माण रोकिएको थियो । तीन महिनादेखि रोकिएको उद्यान निर्माण अहिले अगाडि बढेको हो ।

नगरप्रमुख राजेशमान सिंहले बिपी उद्यान निर्माण ठुलो परियोजना भएकाले आर्थिक अभावका कारण एकै पटक सम्पूर्ण कार्य गर्न सम्भव नभएकाले चरणबद्ध रूपमा काम अगाडि बढाएको जानकारी दिनुभयो । ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बिपी उद्यानलाई आकर्षक बनाउन विभिन्न ठाउँबाट विभिन्न प्रजातिका लगभग एक हजार बिरुवा रोप्ने काम अगाडि बढाएको जानकारी दिनुभयो ।






# रौतहटमा लालबकैयाको कटान रोक्न स्थानीय प्रशासन र सुरक्षा निकायको सक्रियता



रौतहट, १२ असोज/लगातारको भारी वर्षाका कारण लालबकैया नदीको जलस्तर बढेपछि रौतहटको मौलापुर नगरपालिका( १ मर्यादपुरस्थित तटबन्धमा भएको कटान रोक्न स्थानीय प्रशासन र सुरक्षा निकायले सक्रियता बढाएका छन् ।

तटबन्ध कटानका कारण मौलापुर नगरपालिकाका वडा नम्बर १, २, ३, ४ र ५ तथा बौधिमाई नगरपालिकाका १, २ र ३ नम्बर वडाका विभिन्न क्षेत्र डुबानको उच्च जोखिममा परेपछि मर्मत कार्यलाई तीव्र बनाइएको छ ।

तटबन्धको वर्तमान अवस्था र भइरहेको मर्मत कार्यको आइतबार अबेर साँझ मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतो, नेपाली सेनाका मध्यपूर्वी पृतना महोत्तरीका पृतनापति उपरथी भुवन केसी, मधेस प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारी, र सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनीका प्रमुख डीआईजी विष्णुप्रसाद भट्टलगायतका अधिकारीहरूले स्थलगत अनुगमन गरेका छन् । उक्त अनुगमनमा राष्ट्रिय अनुसन्धान विभाग मधेस प्रदेशका प्रमुख माधव तिम्लसिना, मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनाकुमारी साह, जिल्ला सुरक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि तथा स्थानीय बासिन्दासहित करिब ५०(६० जनाको सहभागिता रहेको थियो। अनुगमनका क्रममा मन्त्री महतोले सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै बौधिमाई र मौलापुरमा लालबकैया नदीको तटबन्धमा भइरहेको कटान रोक्न तथा पुनः मर्मत गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका छन् ।

प्रशासनका अनुसार मर्यादपुरस्थित तटबन्धमा ठुलो क्षति पुगेमा मौलापुरका साथै गम्हरिया, बरगिनिया, शीतलपुर, सन्तपुर र पेटभरवा क्षेत्र प्रभावित हुने आकलन गरिएको छ । यस्तै फतुवा पुल नजिकैको भगवानपुर क्षेत्रमा रहेको तटबन्ध भत्किएमा बाढीको पानी सदरमुकाम गौरसम्म पुग्न सक्ने जोखिम रहेको अधिकारीहरूले बताएका छन् । 'तटबन्ध जोगाउनु अहिलेको मुख्य प्राथमिकता हो,' भन्दै प्रशासनका अधिकारीहरूले जोखिमयुक्त क्षेत्रमा निगरानी बढाउनुका साथै आवश्यक सुरक्षा जनशक्ति परिचालन गरिएको जानकारी दिएका छन् ।

तटबन्धमा थप क्षति हुन नदिन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गरिएको छ । सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा राजपुर र मर्यादपुर क्षेत्रमा कटान सुरु भएका स्थानहरूमा बाँस गाड्ने तथा बालुवा भरिएका बोरा राखेर पानीको बहाव नियन्त्रण गर्ने प्रयास भइरहेको छ । क्षतिग्रस्त तटबन्धको तत्काल मर्मतका लागि प्रहरी जवानदेखि प्रहरी निरीक्षकसम्मलाई आवश्यकता अनुसार खटाइएको प्रहरीले जनाएको छ ।

लगातार वर्षा भइरहेकाले लालबकैया नदीमा जलस्तर अझै बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदी तथा तटबन्ध आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको छ । अनावश्यक रूपमा जोखिमयुक्त क्षेत्रमा नजान र बाढीको सूचना पाउने बित्तिकै सुरक्षित स्थानतर्फ जान स्थानीयलाई अनुरोध गरिएको छ । विपद्को जोखिम न्यूनीकरणका लागि बिहानदेखि रातिसम्म मैदानमा खटिएका सुरक्षाकर्मी, प्राविधिक, कर्मचारी, जनप्रतिनिधि र स्थानीय टोलीको सक्रियताले सम्भावित क्षति घटाउन ठुलो सहयोग पुगेको स्थानीय प्रशासनले जनाएको छ ।

# मकवानपुरको ज्यामिरे बस्तीमा जमिन चिरापरेपछि बस्ति सारियो



हेटौंडा, १२ असोज/निरन्तरको वर्षापछि मकवानपुरका विभिन्न स्थानमा जमिन चिरा पर्नुका साथै बाढीका कारण बस्ती जोखिममा परेका छन् ।

बकैया गाउँपालिका( ६, तल्लो ज्यामिरेमा जमिन चिरा पर्न थालेपछि १५(१६ घरपरिवारलाई सोही स्थानको सुरक्षित क्षेत्रमा स्थानान्तरण गरिएको छ। यस्तै, कर्रा खोलामा आएको बाढीले कटान गरेपछि हेटौँडा उपमहानगरपालिका( ४ गर्दोईमा एक घर जोखिममा परेको छ ।

बकैया( ६ तल्लो ज्यामिरेमा भिरालो जमिन रहेको बस्ती क्षेत्रमा जमिनबाट डङ(डङ आवाज आउनुका साथै जमिनको केही भाग सरेको र ठाउँ( ठाउँमा चिरा परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार जमिनमा चिरा परेपछि जोखिमलाई ध्यानमा राख्दै स्थानीयलाई सुरक्षित स्थानमा सारिएको हो ।

यसैगरी, कर्रा खोलामा आएको बाढीले हेटौँडा( ४, गर्दोईस्थित फन डेरीनजिक शेख मुवारकको घरको दक्षिणतर्फ कटान गरेको छ। कटानका कारण घरको दक्षिणतर्फको भाग भत्किएपछि घरमा बस्दै आएका मुवारकसहित १० जनालाई सुरक्षित स्थानमा सारिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण हेडक्वार्टर मकवानपुरले जनाएको छ ।

घर जोखिममा परेपछि थप क्षति रोक्न तथा परिवारका सदस्यलाई सुरक्षित गर्न संयुक्त सुरक्षा टोली परिचालन गरिएको प्रहरीले जनाएको छ । निरन्तर वर्षाका कारण जमिन चिरा पर्ने तथा नदी(खोलामा पानीको बहाव बढ्ने क्रम जारी रहेकाले जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# महोत्तरीको भंगहामा नगरप्रमुखकै अगुवाइमा सबै वडा कार्यालयमा तालाबन्दी



जनकपुरधाम, १२ असोज/ महोत्तरीको भंगहा नगरपालिकाको कार्यालय र नगरभित्र रहेका सबै वडा कार्यालयमा आज तालाबन्दी गरिएको छ ।

लामो समय बितिसक्दा पनि प्रमुख प्रशासकीय अधिकृत नपठाएको भन्दै नगरपालिका प्रमुख संजीवकुमार साहको अगुवाइमा सबै कार्यालयमा तालाबन्दी गरिएको हो ।

नगरपालिका प्रमुख साहका अनुसार लामो समयदेखि कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा सेवाग्राहीसँगै कर्मचारीलाई समेत काम गर्न अप्ठेरो परेकाले तालाबन्दी गर्नुपरेको हो ।

उहाँले भन्नुभयो, 'कार्यालयमा ३ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत पठाउन अल्टिमेटम दिएका थियौँ। त्यसो हुन सकेन। काम गर्न अप्ठेरो भयो, त्यही भएर आज तालाबन्दी गरेका हौँ ।'

मेयर साहले प्रमुख प्रशासकीय अधिकृत पठाइदिन बारम्बार काठमाडौं धाए पनि मन्त्रीलाई भेट्न नपाएको र सचिवसमक्ष गुनासो राख्दा पनि अहिलेसम्म नपठाइदिँदा दैनिक कार्यमै अवरोध सिर्जना भएको बताउनुभयो ।

गएको सोमबार पनि मन्त्रालय गएको र मन्त्रीसँग भेट गराइदिन उहाँका पीएसँग आग्रह गर्दा '५ मिनेट' भन्दै २ घण्टा कुराएर भेटघाट गर्न पनि नदिई 'हामी पठाइदिन्छौँ' भन्दै फर्काइएको उहाँले गुनासो गनुभयो ।

उहाँले भन्नुभयो, 'अबको ३ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर हुनुभएन भने नगरभित्रका स्वास्थ्य र शिक्षाका सम्पूर्ण संस्थाहरू पनि बन्द गर्नेछौं ।'

प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यालयको प्रशासनिक तथा वित्तीय कार्यसँगै नगरको विकास निर्माणको काममा समेत अवरोध हुन पुगेको उहाँले बताउनुभयो ।

'३ महिनादेखि यहाँका कर्मचारीले तलबभत्ता पाएका छैनन् । कार्यालय सहयोगीहरूलाई हामीले कहिलेसम्म कुराउने, जुनकी उहाँहरू यसमै आश्रित हुनुहुन्छ,' उहाँले भन्नुभयो ।

उहाँका अनुसार बैंकमा खोलिनुपर्ने खाता समेत अहिलेसम्म खोलिएको छैन । पहिला भएका अधिकृतको नाममा खोलिदिन आग्रह गर्न जाँदा कोष तथा लेखा नियन्त्रक कार्यालयले नयाँकै नाममा मात्र खोल्न मिल्ने भनेपछि आफूहरू थप मारमा परेको उहाँले गुनासो गर्नुभयो

३ महिनादेखि तलबभत्ता खान नपाइरहेको अवस्थामा नजिकिँदै गरेको महान् चाड दसैं, तिहारमा समेत तलबभत्ता नपाउने अवस्था सिर्जना हुँदै गएपछि बाध्य भएर यो कदम चाल्नुपरेको उहाँको भनाइ छ ।

तालाबन्दी गरिएका कार्यालयका चाबी भने सबै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई बुझाइएको छ ।

# मलामी गएका वृद्धलाई खोलाले बगायो

सर्लाही, १२ असोज/सर्लाहीको दक्षिणी सीमावर्ती क्षेत्रस्थित गोडैता नगरपालिका( १ बहादुरपुरमा सोमबार मध्याह्न मलामी गएका एक वृद्ध खोलाले बगाएर बेपत्ता भएका छन ।

बहादुरपुर गाउँका ७० वर्षीय छित्नु साह बेपत्ता भएका हुन ।

दाहसंस्कारको काम सकिएपछि नुखाउने क्रममा उहाँलाई सोती खोलाले बगाएर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो

खोलाले बगाएर बेपत्ता साहको नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय गाउँले भएर खोजी गरिरहेको उहाँले बताउनुभयो ।

सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) अमरबहादुर खत्रीका अनुसार खोलाले बगाएर बेपत्ता वृद्धको खोजीको लागि महोत्तरीको बर्दिवासस्थित सशस्त्र प्रहरी बलको बाहिनीबाट गोताखोर टोली खटिएको छ ।

वृद्ध डुबेको भागमा पानी धेरै जमेको र प्रहरीले प्रयास गर्दा फेला पार्न नसकेपछि बाहिनीबाटै तालिम प्राप्त गोताखोर टोलीसमेत मगाइएको सशस्त्र प्रहरीका एसपी खत्रीले बताउनुभयो ।

# रौतहटमा अवैध सालको काठ ओसारपसार गर्ने एक जना पक्राउ



रौतहट, १२ असोज/चन्द्रपुर नगरपालिका( ७ स्थित रङ्गपुर साझेदारी वन क्षेत्रबाट अवैध रूपमा सालको काठ ओसारपसार गरेको आरोपमा एक जना पक्राउ परेका छन् । आइतबार राति करिब ९ बजे चन्द्रपुर सब(डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वनको संयुक्त गस्ती टोलीले नयाँबस्ती कटानीदेखि उत्तरतर्फको वन क्षेत्रमा काठ ओसारपसार गरिरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिएको हो ।

टोलीले घटनास्थलबाट २४.७० क्युबिक फिट सालको गोलिया काठ ५ थान, तीन वटा साइकल र एउटा आरा बरामद गरेको छ। पक्राउ पर्ने व्यक्ति चन्द्रपुर( ७ नयाँबस्ती कटानीका स्थानीय रहेको वन कार्यालयले जनाएको छ।

अनुसन्धान जारी रहेकाले उनको नाम सार्वजनिक गरिएको छैन। पक्राउ परेका व्यक्ति तथा बरामद काठ र सामग्रीलाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय रौतहटमा बुझाइएको छ।

वन कार्यालयले अवैध कटान तथा काठ ओसारपसार नियन्त्रणका लागि नियमित तथा आकस्मिक गस्तीलाई निरन्तरता दिइरहेको जनाएको छ ।

## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३